आ.व.२०८०/०८१

षडानन्द नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आर्थिक ऐन, २०८०

२०८० सालको ऐ.नं. २

नगर सभाबाट पारित मिति २०८०/०३/०९

षडानन्द नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठौं नगर सभाबाट पारित मिति २०८०/०३/०९ गते

दिङ्ला भोजपुर

कोशी प्रदेश, नेपाल

षडानन्द नगरपालिकाको आर्थिक ऐन, २०८०

षडानन्द नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८०

प्रस्तावना

षडानन्द नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको व्यवस्था गर्न बाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा भएको व्यवस्था र प्रदेश कानून बमोजिम षडानन्द नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिले प्रस्तत गरेकव विधेयक नगर सभाबाट पारित गरिएको ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "षडानन्द नगरपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि भोजपुर जिल्ला षडानन्द नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "कर" भन्नाले यो ऐन वा प्रचलित कानून वमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ ।

ख) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम लागेको कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति तथा फर्म सम्झनुपर्छ ।

ग) "नगरसभा" भन्नाले षडानन्द नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

घ) "नगर कार्यपालिका" भन्नाले षडानन्द नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ङ) "नगरपालिका" भन्नाले षडानन्द नगरपालिकालाई सम्झनुपर्छ ।

३. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) वमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४. **भूमि (मालपोत) करः** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. **घर तथा जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र मृत जीवजन्तु अंग करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, अलैची, चिराईतो, सफेदा, लोक्ता, खिम खोदो, सतुवार प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सानासवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका साना सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन जन्य क्रियालकलापमा अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सडक,पूर्वाधार सेवा शुल्कः** नगरपालिको स्वामित्वमा भएका सडक, पूर्वाधार प्रयोग गरी सवारी साधन संचालन गरेवापत अनुसूची (१०) मा उल्लेख भए बमोजिम सडक पूर्वाधार शुल्क असुल गरिनेछ ।

१३. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (११) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **ढुंगा बालुवा सङ्कलन तथा विक्रि शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र भएका ढुंगा बालुवा सङ्कलन तथा विक्रि शुल्क अनुसूची १३ मा उल्लिखित दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

(२) अनुसूचीहरुमा उल्लेखित कर शुल्क तथा दस्तुर नगरपालिकाले तोकेको मितिदेखि लागु हुनेछ ।

१८. प्रचलित कानून वमोजिम हुनेः यस ऐनमा उल्लेख गरिएका विषयमा यसै ऐन वमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित संघिय,प्रदेश तथा स्थानीय कानूनमा व्यवस्था भए वमोजिम हुनेछ ।

१९. खारेजी र बचाउ (१) षडानन्द नगरपालिकाको आर्थिक ऐन २०७९ खारेज गरिएको छ ।

(२) यो ऐन जारी हुनु अघि भएका सम्पुर्ण कार्यहरु यसै ऐन वमोजिम भए गरेको मानिनेछ ।

उल्लेखित ऐनको मस्यौदाका आधारमा षडानन्द नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई तयार पार्ने सिलसिलामा राजश्व परामर्श समितिले देहायका कर, शुल्क, सेवा शुल्क, दस्तुर तथा महशुलका दरहरु उल्लेख गरिएका छन् ।

अनुसूची (१)

(ऐनको दफा ३ सँग सम्बन्धित)

सम्पति कर

१. भोजपुर जिल्ला षडानन्द नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८०/०८१ मा गोठ छाप्रो बाहेक प्रत्येक घर जग्गाको वार्षिक रुपमा देहाय अनुसार कर असुलउपर गरिनेछ ।

क्र.सं.	बजार क्षेत्र	आ.व.२०८०/०८१
१	फुसको छाना सहितको घरले चर्चेको जग्गा	१००
२	काठको छाना सहितको घरले चर्चेको जग्गा	१५०
३	जस्ता तथा झिँगटीको छाना सहितको जग्गा	२००
४	पक्की घर सहितको घरले चर्चेको जग्गा	३००
	ग्रामीण क्षेत्र	
१	फुसको छाना सहितको घरले चर्चेको जग्गा	५०
२	काठको छाना सहितको घरले चर्चेको जग्गा	६०
३	जस्ता तथा झिँगटीको छाना सहितको जग्गा	११०

४	पक्की घर सहितको घरले चर्चेको जग्गा	२००
जरिवानाको हकमा (मालपोत तथा घरधुरीवापत		
१	१ वर्ष सम्मको	२०%
२	२ वर्ष सम्को	२५%
३	३ वर्ष सम्को	३०%
४	४ वर्ष सम्को	३५%
१५	४ वर्ष भन्दा माथि प्रति वर्ष थप	५%

अनुसूची (२)

(ऐनको दफा ४ सँग सम्बन्धित)

भूमी कर (मालपोत)

१. भोजपुर जिल्ला षडानन्द नगपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०८०/०८१ को मालपोत कर देहाय बमोजिम तोकियको छ ।सोही अनुसार मालपोत कर अशुलउपर गरिने छ ।

क्र.सं.	**विवरण**	आ.व.२०८०/०८१
१	२ रोपनी भन्दा कम क्षेत्रफल	१५
२	२ रोपनी देखी २० रोपनी सम्म	
	अब्बल	१६.५०
	दोयम	११.००
	सीम	७.७०
	चाहार	६.६०
३	२० रोपनी देखी ४० रोपनी सम्म	
	अब्बल	२२.००
	दोयम	१६.५०

	सीम	११.००
	चाहार	७.७०
४	४० रोपनी भन्दा माथि	
	अब्बल	२७.५०
	दोयम	१९.८०
	सीम	१६.५०
	चाहार	११.००
५	सहकारी तथा संघ संस्थाको हकमा	२५.००
६	मालपोत कार्यालयको मूल्याङ्कनमा उल्लेख भएका कित्ताहरुको हकमा न्यूनतम पाँच आना सम्म	६०.००
७	मालपोत कार्यालयको मूल्याङ्कनमा उल्लेख भएका कित्ताहरुको हकमा पाँच आना भन्दा माथि प्रति आना	१०.००

अनुसूची (३)

(ऐनको दफा ५ सँग सम्बन्धित)

घर तथा जग्गा बहाल कर

१. भोजपुर जिल्ला षडानन्द नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा साथै अन्य कुनै सम्पति हुने गरी बहालमा दिइएकोमा बहाल अंकको १० प्रतिशतले बहाल कर संकलन गरिने छ ।

२. घर बहाल कर घर भाडा रकम बुझाएको समयमा नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा मासिक, त्रैमासिक,अर्धवार्षिक वा वार्षिक रुपमा बहाल कर बुझाउनु पर्नेछ ।

अनुसूची (४)

(ऐनको दफा ६ र १५ सँग सम्बन्धित)

व्यवसाय कर

१. भोजपुर जिल्ला षडानन्द नगरपालिका क्षेत्र भित्र सञ्चालित व्यापार, उद्योग, पसल, पेशा वा व्यवसाय अदिमा देहाय अनुसार दर्ता तथा नविकरण र बार्षिक कर लगाई अशुल गरिने छ।

क्र.सं.	**विवरण**	**आ.व.२०८०/०८१**	
		दर्ता	नविकरण
१	मदिरा तथा अन्य पेय पदार्थ		
	कोल्डड्रिङ्कस डिलर	३०००	१५००
	मदिरा, तथा सुर्तिजन्य पदार्थ डिलर	३५००	१७५०
	मदिरा तथा सुर्तिजन्य पदार्थको खुद्रा विक्रेता	३०००	१५००
२	**सुन, चाँदी, गहना पसल तर्फ**		
	घुम्ती सुन चादी पसल	५००	२५०
	सुन, चाँदी, गहना पसल	४०००	२०००
३	**निर्माण सामग्री तर्फ**		
	कम्प्युटर सामान, क्यामेरा, टेलिभिजन, घडी, रेडियो	३५००	१७५०
	मोवाइल तथा घडि	२५००	१२५०
	विद्युतिय तथा इलेट्रोनिक्स सामान तथा डिसहोम	४०००	२०००
	फ्रेमिङ हाउस, सिसा पसल	१०००	५००
	ग्रिल उद्योग तथा व्यावसाय	५०००	२५००
४	**खाद्य तथा किराना पसल बजार क्षेत्र तर्फ**		
	खाद्यान्न तथा किराना पसल थोक बिक्रेता	३०००	१५००
	खाद्यान्न तथा किराना पसल खुद्रा बिक्रेता	२०००	१०००

	खाद्य तथा किराना पसल ग्रामीण क्षेत्र तर्फ		
	किराना पसल	१५००	७५०
	घुम्ती खाद्य पसल	५००	५००
	भाडाँकुडाँ पसल (ग्रामिण तथा सहरी)	४०००	२०००
	प्लाष्टिक जन्य भाडाँकुडाँ पसल (ग्रामिण तथा सहरी)	२०००	१०००
५	**लत्ता कपडा जुत्ता चप्पल समेत**		
	थान तथा रेडिमेड कपडाको थोक तथा खुद्रा संयुक्त जुत्ता चप्पल समेत	५०००	२५००
	थान कपडाको खुद्रा तथा जुत्ता चप्पल	३०००	१५००
	थान कपडाको खुद्रा पसल	२०००	१०००
	रेडिमेड कपडा तथा जुत्ता चप्पल पसल	३०००	१५००
	रेडिमेड कपडा	२०००	१०००
	जुत्ता चप्पल पसल	३०००	१५००
	जुत्ता चप्पल मर्मत	५००	२५०
	जुत्ता चप्पल खुद्रा तथा थोक विक्रेता	३०००	१५००
६	कस्मेटिक सामान विक्रेता		
	फेन्सि तथा श्रृङ्गार,कस्मेटिक	३०००	१५००
	ब्युटिपार्लर तथा फेन्सि पसल	१२००	६००
	सैलुन	३०००	१५००
	ड्राईक्लिनर्स	६००	६००
७	**स्टेसनरी तर्फ**		
	पुस्तक पसल	२०००	१०००
	पुस्तक पसल तथा स्टेसनरी	२५००	१२५०
	फोटोकपी सेन्टर	६००	३००
	पुस्तक, स्टेसनरी तथा कस्मेटिक	३०००	१५००
	फोटोस्टुडियो तथा फोटोकपी सेन्टर	१५००	७५०

	पुस्तक पसल तथा फोटोकपी सेन्टर	३५००	१७५०
८	**बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा**		
	चिकित्सा	३०००	३०००
	कविराज	१०००	१०००
	इन्जिनियर	३०००	३०००
	आयकर, मु,अ. कर र लेखा सम्बन्धि सेवा प्रधान गर्न	१०००	१०००
	कानून व्यवसाय	२५००	२५००
	लेखा परीक्षक	२५००	२५००
	लेखापढी व्यवसायी	१५००	१५००
	दन्तचिकित्सक	१५००	१५००
	अनुसन्धान कर्ता तथा परामर्शदाता	१५००	१५००
	कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर	२०००	१५००
	विमा एजेन्ट	१०००	१५००
	सर्भेयर	२०००	२०००
	भाषा अनुवादक	५००	५००
	पशु चिकित्सक	५००	५००
	नेटरी पब्लिक व्यवसाय	१५००	१५००
	शेयर अभिकर्ता	१०००	१०००
	सामान ढुवानी कर्ता तथा कम्पनी	२०००	२०००
	संस्थागत पेन्टर	५०००	५०००
	अन्य विशेषज्ञ परामर्श तथा व्यवसाय माथि नखुलेको	१०००	१०००
९	**निर्माण व्यवसायी तर्फ**		
	सेवा प्रदायक संस्था(कन्सलटेण्ड)	५०००	५०००
	क वर्ग ठेकेदार (कार्य अनुमती)	५००००	५००००
	ख वर्ग ठेकेदार (कार्य अनुमती)	२५०००	२५०००
	ग वर्ग ठेकेदार (कार्य अनुमती)	१००००	१००००

	(घ वर्ग ठेकेदार)	५०००	५०००
	स्थानीय भवन निर्माण व्यवसायी	२०००	२०००
	स्थानीय भवन निर्माण कर्मी	२००	२००
	फर्म तथा व्यवसाय सुचि दर्ता	१०००	१०००
१०	**उत्पादन मूलक उद्योगतर्फ**		
	प्रसोधित कपडा उद्योग	१५००	१५००
	कागज उद्योग	२०००	२०००
	नेपाली कागज उद्योग	१०००	१०००
	मशला उद्योग	५००	५००
	बिस्कुट तथा पाउरोटी उद्योग	१०००	१०००
	बाँस जन्य उद्योग	५००	५००
	छाला उद्योग	५००	५००
	राडीपाखी उद्योग	५००	५००
	ढाकाटोपी, कपडा उद्योग	५००	५००
	दुग्धजन्य उद्योग	१०००	१०००
	नुडल्स फ्याक्ट्री	१०००	१०००
११	**उर्जा तर्फ**		
	ग्यास डिलर	५०००	२५००
	ग्यासको सव डिलर	४०००	२०००
	सौर्य उर्जा सप्लायर्स तथा बक्रेता	२०००	१०००
	पानी घट्टा संचालन अनुमति पत्र	५००	२५०
	पानी मिल	२०००	१०००
	कुटानी पिसानी मिल सानो वार्षिक	१०००	५००
	कुटानी पिसानी मिल ठूलो वार्षिक	१५००	७५०
	टेन्टहाउस क्याटरिङ समेत	२०००	१०००
१२	**कृषि तथा वनजन्य उद्योग तर्फ**		

	चिया उद्योग	१५००	१५००
	चियापत्ती प्याकेजिङ्ग	१०००	१०००
	कुटानी, पीसानी, पेलानी(१४) अश्व शक्ति डिजेल	१०००	१०००
	कुटानी, पीसानी, पेलानी(१५ देखि २०) अश्वशक्ति डिजेल	१५००	१५००
	कुटानी, पीसानी, पेलानी(१४) अश्व शक्ति बिजुली	१५००	१५००
	कुटानी, पीसानी, पेलानी(१५ देखि २०) अश्वशक्ति बिजुली	२०००	२०००
	काठ चिरानी स-मिल	५०००	५०००
१३	**होटल व्यवसाय तर्फ**		
	होटेल तथा गेष्ट हाउस	३०००	३०००
	खाना तथा नास्ता पसल	१५००	१५००
	नास्ता पसल	२०००	२०००
	रेष्टुरा तथा बार	१००००	१००००
	मिठाई, खाना, नास्ता	३०००	३०००
	कफि तथा चिया हाउस	१०००	१०००
	गेष्ट हाउस	२०००	२०००
	पान पसल	५००	५००
१४	**पर्यटन उद्योग तथा व्यवसाय तर्फ**		
	ट्राभल एजेन्सी	५०००	५०००
	रिसोर्ट संचालन	२००००	२००००
	होमस्टे संचालन	२०००	२०००
	पुलहाउस संचालन	३०००	३०००
	वाटर ऱ्याफ्टीङ/ बोटिङ	५०००	५०००
	पार्क, पिकनिक स्पट	१०००	१०००
	क्यासिनो	५००००	५००००
	टुर अपरेटर	२५००	२५००
१५	**टेलरिङ्ग व्यवसाय तर्फ**		

	दुई सिलाई मेसिन सम्मको पसल	१०००	५००
	दुई सिलाई मेसिन देखि ५ सिलाई मेसिन सम्मको पसल	२०००	१०००
	५ सिलाई मेसिन देखि माथिको पसल	३०००	१५००
	कपडा तथा टेलरिङ्ग पसल	१५००	१०००
	रेडिमेड कपडा तथा टेलरिङ्ग पसल	१८००	१०००
	टेलरीङ्ग पसल तथा टांग धागो	५००	५००
१६	**फलफूल तथा तरकारी, माछा मासु तर्फ**		
	फलफूल पसल	५००	५००
	फलफूल तथा किराना पसल	२०००	१०००
	फूल/बिरुवा बिक्रेता	५००	२५०
	फलफूल तथा तरकारी पसल	१०००	५००
	खसी मासु पसल	२०००	१०००
	कुखुरा मासु पसल	२०००	१०००
	खसी तथा कुखुरा पसल	३०००	१५००
	राँगा मासु पसल	२०००	१०००
	सुगुँर मासु पसल	१०००	५००
	माछा पसल	१०००	५००
	खसी मासु पसल(ग्रामीण)	१०००	५००
	कुखुरा मासु पसल(ग्रामीण)	१०००	५००
	खसी तथा कुखुरा पसल(ग्रामीण)	१०००	५००
	राँगा मासु पसल(ग्रामीण)	१०००	५००
	सुगुँर मासु पसल(ग्रामीण)	५००	२५०
	माछा पसल(ग्रामीण)	५००	२५०
१७	सेवा उद्योग तर्फ		
	हार्डवेयर पसल	६०००	३०००
	अफसेट प्रेस	५०००	५०००

	चलचित्र हल संचालन	१००००	१००००
	भिडियो हल संचालन	७०००	७०००
	डिस होम सप्लायर्स	५०००	५०००
१८	**संचार सेवा तर्फ**		
	केवल नेटवर्क संचालन	७०००	७०००
	टेलिभिजन संचालन	१००००	१००००
	एफ.एम. रेडियो दर्ता तथा नविकरण	१००००	१००००
	फ्याक्स तथा इन्टरनेट सेवा संचालन	१०००	१०००
	कुरियर सेवा	१०००	१०००
	पत्र पत्रिका छपाई तथा प्रकाशन	१५००	१५००
	दुरसंचार टावर राख्ने अनुमति पत्र	२००००	२००००
	दुरसंचा नविकरण	१००००	१००००
	दुरसंचार टावर राख्ने सानो	७०००	७०००
	अनलाईन मिडिया सञ्चालन दर्ता	५०००	५०००
	इन्टरनेट टावर अनुमति	७०००	७०००
	इन्टरनेट सेवा प्रदायक फर्म दर्ता	४०००	४०००
१९	**वित्तिय सेवा तर्फ बार्षिक अनुमती**		
	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैङ्क	१५०००	१५०००
	आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय	७०००	७०००
	लघु वित्तिय कम्पनी/सस्था शाखा कार्यालय	१००००	१००००
	विमा कम्पनी	७०००	७०००
	विदेशी मुद्र सटही	१०००	१०००
	धितो पत्र कारोबार	१०००	१०००
	मनिट्रान्सर तथा सप्लायर्स	८०००	८०००
	मनिट्रान्सर	५०००	५०००

	केवुल नेटवर्क सेवा संचालन	८०००	८०००
२०	**स्वास्थ्य सेवा तर्फ**		
	औषधी पसल तथा फार्मेसी	५०००	५०००
	पशु औषधी पसल	२०००	२०००
	क्लिनिक तथा औषधी पसल	७०००	७०००
	गैर सरकारी अस्पताल	१००००	१००००
	नर्सिङ्गहोम	१००००	१००००
	क्लिनिक तथा ल्याव	७०००	७०००
	क्लिनिक, ल्याब, औषधी पसल तथा फार्मेसी	९०००	९०००
	ल्याव	२०००	२०००
	आयुर्वेदिक औषधी पसल	१०००	१०००
	डेन्टल क्लिनिक	१५००	१५००
	आखाँ क्लिनिक तथा चश्मा घर	१५००	१५००
	चश्मा घर	१०००	१०००
२१	**शिक्षा सेवा तथा प्रशिक्षण तर्फ**		
	निजी क्षेत्र क्याम्पस, विश्वविद्यालय	५०००	५०००
	तालिम तथा अनुसन्धान केन्द्र	१५००	१५००
	टाइपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था	२०००	२०००
	अन्तराष्ट्रिय गैर सहकारी संस्था	५०००	५०००
	सिलाई, बुनाई तथा कटिङ्ग प्रशिक्षण केन्द्र	१०००	१०००
	ट्युसन तथा ल्याङ्गवेज सेन्टर	२०००	२०००
	पेन्टर तथा आर्टस कन्सर्न केन्द्र	५००	५००
	ड्राइभिङ्ग प्रशिक्षण केन्द्र	१५००	१५००
	निजी लगानीमा खोलिएका विद्यालयको वार्षिक शुल्क	३०००	३०००
	निजी लगानीमा खोलिएका विद्यालय कक्षा थप अनुमती		
	कक्षा नर्सरी देखी ३ सम्म	२०००	

	कक्षा ३ देखि ८ सम्म	३०००	
	कक्षा ८ देखि माथी	५०००	
२२	**मर्मत संभार सेवा तर्फ दर्ता तथा नविकरण**		
	मोटरपार्टस	३०००	३०००
	मोटरसाइकल वर्कसप पार्टपुर्जा	३५००	३५००
	ट्र्याक्टर ग्यारेज	३०००	३०००
	मोटरसाइकल वर्कसप	३०००	३०००
	कार, जिप, भेन ग्यारेज	४०००	४०००
२३	**नगदेबाली तथा जडिबुटी तर्फ वार्षिक दर्ता तथा नविकरण समेत**		
	रुद्राक्ष खरिद विक्री केन्द्र	६०००	६०००
	रुद्राक्ष प्रवर्द्धन शुल्क(चेकपोष्ट व्यवसाय दिङ्गलामा गर्न दिने)	०.१%	०.१%
	रुद्राक्ष खरिद तथा विक्री केन्द्र सानो	२०००	२०००
	रुद्राक्ष खरिद तथा विक्री केन्द्र ठूलो	५०००	५०००
	रुद्राक्ष खरिद कर्ता व्यवसायी तथा व्यक्ति	७५००	७५००
	रुद्राक्ष उत्पादन प्रमाणीकरण	१०००	१०००
२४	**फर्निचर तर्फ दर्ता तथा नविकरण**		
	काठका सामग्री तथा फर्निचर उद्योग	४०००	४०००
	काठ उद्योग तथा स्टिल फर्निचर बिक्रेता	५०००	५०००
	बाँस तथा बेतको फर्निचर पसल	१०००	१०००
	स्टिल फर्निचर बिक्रेता	२०००	२०००
२५	**कृषि तथा पशुपंक्षी व्यवसाय तर्फ**		
	मत्स्य पालन व्यवसाय	५००	
	बाखा पालन व्यवसाय	१०००	
	पोल्ट्रीफर्म	२०००	
	पोल्ट्रफर्म तथा मासु पसल	३०००	
	बुंगर पालन व्यवसाय	१०००	

	कृषि फर्म	२०००	
	कृषि फर्म पशुपालन समेत दर्ता	३०००	
	साना कृषि समुह दर्ता	१०००	
	कृषि विउ विजन तथा कृषि सामग्री	१५००	
	व्यक्तिगत कृषि फर्म दर्ता	१०००	
	कृषि तथा पशुपंक्षी व्यवसाय तर्फका व्यवसायमा नविकरण शुल्क दर्ताको ५० प्रतिसत हुने		
२६	**अन्य सेवा**		
	प्रति कुम्ले व्यापारी	१०००	१०००
	मेनपावर कम्पनी	५०००	५०००
	स्वदेशी रोजगार सेवा	१०००	१०००
	सेक्रेटेरियल सेवा	५००	५००
	हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद विक्री (रियल स्टेट)	५०००	५०००
	पशु वधशाला दिङ्गला बार्षिक	१५०००	१५०००
	पशु वधशाला झ्याउपोखरि बार्षिक	५०००	५०००
	पशु वधशाला वोया वार्षिक	३०००	३०००
	पशु वधशाला सोमवारे वार्षिक	३०००	३०००
	पशु वधशाला कुदाककाउले वार्षिक	३०००	३०००
	खोटो व्यावसायी	५००	५००
	खेलौना उपहार बिक्रेता	७००	७००
	हस्तकला व्यावसाय	१०००	१०००
	होजियारी पसल कृषि औजार	१०००	१०००
	कृषि औजार तथा विउविजन	१०००	१०००
	ईटा टाइल उद्योग	५०००	५०००
	जुस उत्पादन उद्योग	१०००	१०००
	नगर पालिकाको मेसिनरी सामान तर्फ		

	व्याकहोलोडर तेल हालि प्रतिघण्टा (न.पा.)	२८००	
	व्याकहोलोडर तेल नहालि प्रतिघण्टा (न.पा.)	२०००	
	नगर ट्र्याक्टर प्रतिदिन	७५००	
	नगर ट्र्याक्टर दिङ्गला देखि भोजपुर सम्म	१५०००	
	टिपर प्रति दिन (न.पा)	१२०००	
	प्रोजेक्टर बोड प्रतिदिन न.पा.	५००	
	मल्टिमेडिया प्रोजेक्टर प्रतिदिन न.पा.	७००	
	साउण्ड सिस्टम प्रति दिन	५००	
	अन्य वार्षिक अनुमती		
	व्याकहोलोडर (व्याक्ति तथा फर्म) प्रति गोटाका दरले	१५०००	१५०००
	डोजर (व्याक्ति तथा फर्म) प्रति गोटाका दरले	३००००	३००००
	गाडि बाट गरिने पटके व्यावसाय लुगाकपडा पसल तथा अन्य	१५००	१५००
	क्रसर तथा अन्य सञ्चालन अनुमती वार्षिक		
	ठुलो क्रसर उद्योग अनुमति पत्र शुल्क	१२५०००	१२५०००
	मझौला क्रसर उद्योग अनुमति पत्र शुल्क	१०००००	१०००००
	साना क्रसर उद्योग अनुमति पत्र शुल्क	५००००	५००००
	जलविद्युत उत्पादन तर्फ अनुमती तथा वार्षिक	अनुमती	वार्षिक
	५ मेगावाट सम्म	५००००	४००००
	५ देखि १० मेगावाट सम्म	१०००००	८००००
	१० देखि १५ मेगावाट सम्म	१५००००	१२००००
	१५ देखि माथी	२०००००	१५००००
	पेट्रोल पम्म अनुमती वार्षिक ठुलो	५००००	४००००
	पेट्रोल पम्म अनुमती वार्षिक सानो	२५०००	२००००
	पेट्रोल, डिजेल, मट्टितेल ड्रमबिक्रेता	५०००	५०००
फोहोर व्यवस्थापन बापत प्रति घर प्रति महिना			

	पक्की घरको प्रति महिना	१५०	
	पक्की घर होटल समेत प्रति महिना		
	कच्ची घर होटल समेत प्रति महिना		
	कच्ची घरको प्रति महिना		
	प्रति घर		
२७	**निकासी तथा अन्य**		
	बोका, खसी, भेडा प्रति गोटा	२०	
	गाई, गोरु, चौरी प्रतिगोटा	५०	
	बङ्गुर तथा सुँगुर प्रतिगोटा	२५	
	राँगा भैंसी प्रति गोटा	१००	
	अलैची प्रति मन	२००	
	निजि जग्गाको ढुङगा,गिट्टी, प्रति ट्र्याक्टर	२००	
	निजि जग्गाको वालुवा/माटो प्रति ट्र्याक्टर	१००	
	चिराइतो प्रतिमन	२००	
	लोक्ता प्रतिमन	५०	
	सिम खोदो प्रतिमन	५००	
	अन्य जडिबुटी अवस्था हेरी बढीमा प्रतिमन	५०	
	खाद्यान्न सामाग्री प्रतिकेजी	०.२५	
	रुद्राक्ष प्रतिकेजी	२	
	सुन्तला प्रतिकेजी	१.००	
	आलु प्रतिकेजी	०.५०	
	खाली बोतल प्रति बोरा	५०	
	बाँस प्रति घना	१	
	सतुवा प्रति केजी	१००	
	चिरानी काठ प्रति ट्र्याक्टर	५००	
	दाउरा प्रति ट्र्याक्टर	२००	

	वन पैदावर लकडी निकासी प्रति ट्र्याक्टर	५००	
	वन पैदावर लकडी निकासी प्रति एल.पि.	२०००	
	चिरानीका काठ सिफारिस	१५००	
	निजि वन रुख संख्या प्रमाणीत प्रति रुख	१०	

२.षडानन्द नगरपालिका क्षेत्रभित्र कुनै व्यवसाय संचालन गर्नु पुर्व तथा संचालन भइरहेका व्यवसाय नगरपालिकामा दर्ता तथा नविकरण गरि प्रमाण पत्र लिएर मात्र संचालन गर्नुपर्ने छ ।

३.व्यवसाय संचालन गरेको मितिले तिन महिना भित्र नगरपिकाको नियम अनुसार दर्ता गरिसक्नु पर्नेछ ।

४.कुनै पनी व्यवसाय तिन महिना भित्र दर्ता नगरि संचालन गरेको पाईएमा दर्ता शुल्क को दोब्वर दस्तुर अशुल गरिनेछ ।

५.व्यावसाय दर्ता तथा नविकरण पालिकाले तोकेअनुसार वडा कार्यालय र नगरपालिकाको कार्यालयमा गर्न सककिने छ ।

६.व्यवसाय दर्ता तथा नविकरण गर्न आउदा कार्यालयले तोकेको आवस्यक कागजपत्र तथा शुल्क अनिवार्य बुझाउनु पर्ने छ अन्यथा कार्यालय व्यवसाय दर्ता गर्न बाध्य हुने छौन ।

अनुसूची (५)

(ऐनको दफा ७ सँग सम्बन्धित)

जडीबुटी तथा मृत जिवजन्तुको अङ्ग

क्र.सं.	**विवरण**	**दर्ता**	**नविकरण**
		आ.व.२०८०/०८१	
१	अलैची खरिद बिक्रि केन्द्र	६०००	६०००
२	अलैची खरिद बिक्रि सानो	१५००	१५००
३	सतुवा, सिमखोदे खरिद बिक्रि कर्ता	४०००	४०००
४	चिराइतो, मझिटो, लोक्ता खरिद बिक्रि कर्ता	२०००	२०००

अनुसूची (६)

(ऐनको दफा ८ सँग सम्बन्धित)

सवारी साधन कर

प्रदेश कानुन बमोजिम सवारी साधन कर षडानन्द नगरपालिका क्षेत्रभित्र लगाई अशुल उपर गरिने छ ।

अनुसूची (७)

(ऐनको दफा ९ सँग सम्बन्धित)

विज्ञापन कर

१. यस नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवाको प्रचारप्रसार वापत होडिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा नगरपालिका र अन्य सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने छ । साथै सो वापत देहायानुसारको दरले हुने रकम नगरपालिका वा वडाको कार्यालयमा दाखिला गर्नुपर्नेछ तर प्रदेश कानुनमा अन्य व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

क्र.सं.	विवरण	धरौटी बापत रु
१	व्यवसायिक प्रचारप्रसारको उद्देश्यले होडिङ्ग बोर्ड, वालपेन्टिङ्ग प्रति वर्ग फिट प्रति दिन	१५००
२	व्यानर प्रतिदिन प्रति वर्ग फुट	१५००
३	गेट प्रतिदिन	१५००

४	होडिङ्ग बोर्ड, प्रति वर्ग फिट वार्षिक	२०००

अनुसूची (८)

(ऐनको दफा १० सँग सम्बन्धित)

मनोरञ्जन कर

१. यस नगरपालिकाको क्षेत्र भित्र जुनसुकै प्रयोजनको लागि मनोरञ्जनात्मक कार्यक्रम संचालन गर्नु पुर्व नगरपालिकाको स्विकृति लिनुपर्ने छ । सो वापत देहायको कर अशुल उपर गरिनेछ तर प्रदेश कानुनमा अन्य व्यवस्था भएमा सोही अनुसार हुनेछ।

क्र.सं.	विवरण	आ.व.२०८०/०८१
१	सानो मेला तथा खेलकुद	१००००
२	ठुलो मेला तथा सास्कृतिक कार्यक्रम सहित	२००००

अनुसूची (९)

(ऐनको दफा ११ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

१. यस नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजार वा राखिने पसलमा प्रत्येक पसलबाट देहाय बमोजिम कर लगाइने र अशुल उपर गरिने छ ।

क. सार्वजनिक स्थलमा राखिने प्रत्येक स्थायी पसलबाट प्रति महिना प्रति वर्ग फिट रु.१० का दरले ।

ख. सार्वजनिक स्थलमा लाग्ने हाट बजार बाट प्रति हप्ता देहाय बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

क्र.सं.	विवरण	आ.व.२०८०/०८१
हाट बजार शुल्क		
१	मिश्रित सामानको	२०
२	विक्रि वितरणको आधार	२५
३	राँगा बध प्रति गोटा	१००
४	बोका, खसि प्रति गोटा	८०
५	अन्य पसल हेरि	५,१०,१५,२०
६	सुगुर बध प्रति गोटा	५०
७	साग सब्जि	५
८	फलफुल पसल	५
९	फलफुल तथा सागसब्जि विरुवा पसल	१५
१०	धान चामल कोदो मकै गँहु तिल	१५
११	चिया मिठाई पसल	५०
१२	किराना पसल	३०
१३	थान कपडा पसल	५०
१४	रेडिमेड कपडा पसल	५०
१५	कपडा सिलाई पसल	२०
१६	रेडियो घडि मर्मत पसल छाता प्रेसरकुकर	२०

१७	सुन पसल	१००
१८	डोको नाम्लो कुचो घुम नाङ्गलो डालो थुन्से आदि	निशुल्क
१९	फलामका सामान हरुको पसल	२०
२०	भाँडा पसल	५०
२१	सैलुन	२०
२२	लीलामी कपडा	५०
२३	जुत्ता चप्पल	५०
२४	मनीहारी (चुरा, पोते, धागो,टिका आदि)	३०
२५	सुँगुरका पाठो विक्री प्रति गोटा	२५
२६	छाप्री होटल	५०
२७	कुखुरा, हाँस, परेवा प्रति गोटा	५
२८	खसि, बाख्रा, बोका प्रति गोटा	४०
२९	गाई, गोरु, राँगा, बहर, बाछा बाच्छी प्रति गोटा	५०
३०	जडीबुटी पसल	१०
३१	चटपटे पसल हटिया पसल	३०
३२	चटपटे घुम्ती पसल	१००
३३	आलु पसल	२०
३४	टमाटर	२०
३५	हात हेर्ने ज्योतिषि	५०
३६	कुखुरा,हाँस काटेको प्रति गोटा	१०
३७	जादु, चटके	१००

३८	हरेक माल पसल	५०
३९	पात पसल	५
४०	सुर्ति पसल	५०
४१	गेडागुडिजन्य	१०
४२	माछा	५०
४३	दुध जन्य पदार्थ	५०
४४	हर्पे, तोम्बा, दुदेरो प्रति गोटा	१०
४५	मह प्रति लिटर	१०
४६	अमिलो प्रति लिटर	१०
४७	अन्य विविध	१०
४८	मेलामा लाग्ने कर	

अनुसूची (१०)

(ऐनको दफा १२ सँग सम्बन्धित)

सडक पुर्वाधार सेवा शुल्क

नगरपालिकाको स्वामित्वमा भएका पुर्वाधार प्रयोग गरेवापत देहाय बमोजिमका सवारी साधनलाई सडक पुर्वाधार शुल्क असुल गरिनेछ ।

क्र.सं.	**विवरण**	**भरी**	**खाली**
१	फेरीः मोटरसाईकल (पटके)	२५	२५
२	फेरीः टेम्पो (पटके)	५०	५०

३	फेरीः ट्र्याक्सि (पटके)	१५०	१००
४	फेरीः कार (पटके)	१००	१००
५	फेरीः बस (पटके)	२००	१५०
६	फेरीः ट्र्याक्टर (पटके)	५००	३००
७	फेरीः सौराज (पटके)	१०००	५००
८	फेरीः ट्रिपर (पटके)	१५००	७००
९	फेरीः एल पि (पटके)	२५००	७००
१०	फेरीः व्याकहोलोडर तथा डोजर (पटके)	२५००	२५००
११	फेरीः जिप (पटके)	१५०	१००
१२	रोलर	२५००	२५००
१३	मिनि ट्रक	१२००	७००
१४	ग्रेडर	१५००	१५००
१५	फेरीः गाई गोरु आदि (पटके)	५०	५०
१६	फेरीः भैंसी (पटके)	१००	१००
१७	फेरीः खसि बोका भेडा बाख्रा बुगुर (पटके)	१०	१०
सडक पुर्वाधार तर्फ			
१	बस (वार्षिक)	४०००	
२	जिप (वार्षिक)	३५००	
३	ट्रक तथा ट्रिपर (वार्षिक)	५०००	
४	ट्र्याक्टर (वार्षिक)	३५००	
५	टेम्पो (वार्षिक)	१०००	

६	सौराज (वार्षिक)	४५००	
७	एल पि (वार्षिक)	६५००	

१. सडक पुर्वधार शुल्क वार्षिक रुपमा सडक पुर्वधार तर्फको १ देखि ७ सम्म व्यवस्था भएअनुसार वार्षिक रुपमा भाद्र मसान्त सम्म बुझाउनुपर्ने छ अन्यथा प्रति पटक पटके कर देहाय अनुसार लाग्नेछ ।

क्र.स.	सवारी साधनको प्रकार	दर
१	टेम्पो	१०
२	सुमो/वलेरो/ वस	२०
३	ट्रक तथा ट्रिपर	३०
४	ट्रयाक्टर	२५
५	सौराज (वार्षिक)	३०
६	एल पि (वार्षिक)	४०
७	कार (वार्षिक)	२०

अनुसूची (११)

(ऐनको दफा १३ सँग सम्बन्धित)

पार्किङ शुल्क

क्र.सं.	विवरण	आ.व.२०८०/०८१
१	ठुलो सवारी साधनन (पटक)	५०
२	सानो सवारी साधन (पटक)	२०
३	मोटर साईकल तथा स्कुटी (पटक)	५
४	टेम्पो (पटक)	३०
५	ट्याक्सी तथा जिप (पटक)	४०

अनुसूची (१२)

(ऐनको दफा १४ सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

यस नगरपालिकाको कार्यालयद्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क्र.सं.	विवरण	आ.व.२०८०/०८१
क	व्याक्तिगत घटना तथा अन्य सिफारिस तथा प्रमाणित	
१	प्रत्यक निवेदन दस्तुर	२०
२	जन्म दर्ता ३५ दिन भन्दा पछि	२५०
३	मृत्यु दर्ता ३५ दिन भन्दा पछि	११०
४	बसाईसराई गरी आएको दर्ता	५५०

५	बसाईसराई गरी गएको दर्ता	१०००
६	विवाह दर्ता स्वदेशी दुलही संग ३५ दिन पछि	५००
७	विवाह दर्ता विदेशी दुलही संग ३५ दिन पछि	१२००
८	विवाह प्रमाणीत स्वदेशी दुलही संग	५५०
९	विवाह प्रमाणीत विदेशी दुलही संग	११००
१०	सम्वन्ध विच्छेद दर्ता	१०००
११	जन्म दर्ता प्रतिलिपि	२५०
१२	मृत्य दर्ता प्रतिलिपि	११०
१३	घटना दर्ता प्रतिलिपि (अन्य)	५००
१४	आन्तरिक वसाईसराई प्रमाणित	३००
१५	जन्म मिति संसोधन सिफारिस	५००
१६	अविवाहित प्रमाणीत	५००
१७	हकवाला वा हकदार प्रमाणीत	१०००
१८	व्यक्तिगत विवरण सिफारिस तथा प्रमाणीत अंग्रेजीमा	१०००
१९	व्यक्तिगत विवरण सिफारिस तथा प्रमाणीत	५००
२०	पारिवारिक सिफारिस तथा प्रमाणीत	१०००
२१	संरक्षक सिफारिस	५००
२२	संरक्षक सिफारिस संस्थागत	७००
२३	जिवित रहेको सिफारिस	५००
२४	स्थायी वसोवास प्रमाणीत	१०००
२५	अस्थायी वसोवास प्रमाणीत	६००

२६	नाम थर संसोधन सिफारिस	६००
२७	नाम थर संसोधन सर्जमिन सहित गर्नुपरेमा	१०००
२८	जिवित सगको नाता प्रमाणित	५००
२९	मृतक सँगको नाता प्रमाणित	५००
३०	आचरण सम्वन्धी सिफारिस / प्रमाणित	५००
३१	आचरण सम्वन्धी सिफारिस / प्रमाणित अंग्रेजी	१०००
क	नावालक सिफारिस	
३२	क) नावालक स्वदेशी	५००
	ख) नावालक विदेशि	१०००
३३	बैदेशिक रोजगार प्रमाणित युरोप /अमेरिकी मुलुक	१५००
३४	बैदेशिक रोजगार प्रमाणित खाडि मुलुक	५००
३५	सर्जमिन गरि नाता प्रमाणीत नेपाली	५००
३६	सर्जमिन गरि नाता प्रमाणीत अंग्रेजी	१०००
३७	जन्म /मृत्यु / विवाह प्रमाणीत	५००
३८	दुई नाम थर प्रमाणीत	१०००
ख	**पेन्सन पट्टा सिफारिस**	
१	क) पारिवारिक लगत कार्ड दस्तुर	३००
२	क) नेपाली पेन्सन पट्टा सिफारिस	५००
३	ख) भारतीय पेन्सन पट्टा सिफारिस	१५००
४	ग) अन्य मुलुकको पेन्सन पट्टा सिफारिस	२५००
५	घ) सामाजिक सुरक्षा पट्टा हरायको प्रतिलिपी	१००

ग	नागरिकता सम्वन्धी सिफारिस	
	क) अनुसुचि १	३००
	ख) अनुसुचि २	३५०
	ग) अङ्गिकृत नागरिकता सिफारिस	१०००
	घ) प्रतिलिपि	२००
	ङ) नागरिकता विवरण संसोधन सिफारिस	३००
	च) नागरिकता विवरण संसोधन सिफारिस अङ्गिकृत	१०००
	छ) नयाँ नागरिकता सर्जमिन मुचुल्का	५००
घ	**जग्गा सम्वन्धी सिफारिस**	
१	मोहिलगत कट्टा सिफारिस	५००
२	मोही नामसारी सिफारिस	५००
३	जग्गाको नाम संसोधन सिफारिस	५००
४	जग्गा छुट्याउने निवेदन दस्तुर	५००
५	घरबाटो सिफारिस	५००
६	हकभोक सिफारिस	७००
७	चारकिल्ला प्रमाणित	७००
८	छुट जग्गा दर्ता सिफारिस	२५००
९	सडक दुरी प्रमाणित	५००
१०	जग्गा धनिपुर्जा हरायको सिफारिस	५००
११	प्लटिङ्ग जग्गाको नक्सा प्रमाणित	२५००
१२	जग्गा प्लटिङ अनुमति /स्विकृति शुल्क	५०००

१३	न.पा.को. स्विकृति विना जग्गा प्लटिङ्ग गरेमा जरिवाना	५०००
ङ	**घर नक्सा सम्वन्धि**	
१	घर नक्सा निवेदन शुल्क पक्की	५००
२	साधसिमाना प्रमाणित पक्की घर क्षेत्र	७००
३	घर निर्माण सम्पन्न कच्चि	५००
४	नक्सापास नामसारि पक्की	१०००
५	नक्सा पास पक्की घर प्रति वर्ग फिट	७
६	नक्सा पास नामसारि कच्चि	३००
७	नक्सा पास कच्चि घर प्रति वर्ग फिट	१
८	घरनिर्माण सम्पन्न प्रतिवेदन पक्की	१०००
९	घरनिर्माण सम्पन्न प्रतिवेदन कच्चि	५००
१०	घरकायम पक्कि	१०००
११	घरकायम कच्चि	५००
१२	अस्थायि टहरा निर्माण	३०००
१३	घरनिर्माण सम्पन्न प्रमाण पत्र पक्की	१५००
१४	घरजग्गा नामसारि सिफारिस	६००
१५	घर पातल प्रमाणित	५००
१६	कोठा खोल्ने रोहबरका बस्ने कार्यको सिफारिस	५००
१७	घर नक्सा पास बुक शुल्क पक्की	१०००
१८	घर नक्सा प्रतिलिपि सेट १	१०००
१९	घर नक्सा संसोधन सोहि वर्ग फिट भित्र	२०००

२०	घर सम्पन्न म्याद थप दस्तुर	१०००
२१	घर नक्सा पास बुक शुल्क कच्चि	५००
च	घर अभिलेखिकरण दस्तुर,	
१	क पक्कि	१०००
२	ख कच्चि	५००
३	ग सामान्य	३००
छ	आय सम्वन्धि प्रमाणित तथा सिफारिस	
१	रु ५ लाख सम्मको आय प्रमाणित	२०००
२	५ देखि १५ लाख सम्मको आय प्रमाणित	२५००
३	१५ देखि २५ लाख सम्मको आय प्रमाणित	३०००
४	२५ देखि ३५ लाख सम्मको आय प्रमाणित	३५००
५	३५ देखि ५० लाख सम्मको आय प्रमाणित	४०००
६	५० देखि ७० लाख सम्मको आय प्रमाणित	५०००
७	७० देखि १ करोड सम्मको आय प्रमाणित	६०००
८	१ करोड देखि २ करोड सम्मको आय प्रमाणित	८५००
९	२ भन्दा माथिको आय प्रमाणित	१५०००
१०	आर्थिक सम्पन्नता सिफारिस	२०००
११	आर्थिक विपन्नता सिफारिस	निशुल्क
१२	सुकुम्वासि सिफारिस	निशुल्क
१३	अचल सम्पति मुल्याङ्कन	०.१०%
१४	आन्तरिक राजश्व कार्यालयमा सिफारिस	३००

१५	करचुक्ता सिफारिस	१०००
ज	**योजना सम्झौता सिफारिस**	
१	उपभोक्ता समिति दर्ता शुल्क	२००
२	प्रदेश तथा केन्द्रिय योजना सिफारिस	१५००
३	नगर तथा वडा स्तरीय योजना सम्झौता २ लाख भन्दा मुनिको सिफारिस	३००
४	नगर तथा वडा स्तरीय योजना सम्झौता २ लाख भन्दा माथि ५ लाख सम्म सिफारिस	४००
५	नगर तथा वडा स्तरीय योजना सम्झौता ५ लाख भन्दा माथिक सिफारिस	५००
६	वडाबाट अन्य सम्झौता सिफारिस	३००
७	वडा बाट योजना भुक्तानिको लागि सिफारिस	३००
झ	**शिक्षा तर्फ**	
१	निजि विद्यालय संचालन सिफारिस आधारभुत	३०००
२	निजि विद्यालय संचालन सिफारिस माध्यामिक	६०००
३	निजि विद्यालय नामसारि सिफारिस माध्यामिक	५०००
४	निजी विद्यालय ठाउँसारी सिफारिस माध्यमिक	२०००
५	छात्रवृत्ति सिफारिस	३००
६	छात्रवृत्ति सिफारिस विदेश	१०००
७	सहमति सिफारिस शिक्षक तथा कर्मचारि सरुवा आउनेको लागि	१०००
८	सहमति सिफारिस शिक्षक तथा कर्मचारि सरुवा भैजानेको लागि	१०००
९	विपन्न विद्यार्थि छात्रवृत्ति	निशुल्क

१०	कक्षा ८ को प्रमाण पत्र प्रतिलिपी	३००
ञ	स्वास्थ्य सम्वन्धी सिफारिस	
१	अपाङ्ग सिफारिस	निशुल्क
२	स्वास्थ्य सम्वन्धि सिफारिस	निशुल्क
ट	**उद्योग व्यासाय सम्वन्धी सिफारिस**	
१	व्यावसाय दर्ता सर्जमिन समेत सिफारिस	५००
२	व्यावसाय बन्द सिफारिस	५००
३	व्यावसाय सञ्चालन भएको सिफारिस	१०००
४	अन्य उद्योग दर्ता सिफारिस	२०००
५	उद्योग ठाउँ सारी सिफारिस	१५००
६	उद्योग नाम सारी सिफारिस	५०००
	उद्योग स्थापना सिफारिस	
	१ ठुला उद्योग	५००००
	२ मझौला उद्योग	३००००
७	३ साना तथा घरेलु उद्योग	१००००
८	व्यवसाय संचालन नभएको सिफारिस	५००
९	प्यान तथा भ्याट दर्ता सिफारिस	३००
१०	प्यान तथा भ्याट वन्द सिफारिस	२००
ठ	संघ संस्था सम्वन्धि सिफारिस	
१	क) गैरनाफामुखि नयाँ दर्ता सिफारिस	५००
२	ख) गैरनाफामुखि नयाँ नविकरण सिफारिस	३००

३	ग) ञ्थ्ज्द्ध सम्वन्धि सिफारिस	१०००
५	टोलविकास संस्था दर्ता	५००
	सहकारी संस्था दर्ता तथा नविकरण	
	बहुउद्देश्य सहकारी	२०००
	बचत तथा ऋण सहकारी	१५००
	कृषि सहकारी	१०००
ड	**उजुरि तथा मुद्दा सम्वन्धि**	
१	मुद्धाको निवेदन दस्तुर	५०
२	कोर्टफि मिनाह सिफारिस	१००
३	तारिक पर्चा	१००
४	मिलापत्र सिफारिस	५००
ण	कृषि, वन तथा पसुपन्छि सम्वन्धि सिफारिस	
१	कृषि तथा वनजन्य उद्योग दर्ता	३०००
२	कृषि तथा वनजन्य उद्योग दर्ता सिफारिस	१०००
३	चौपाय सम्वन्धि सिफारिस फर्म वाला प्रतिगोटा	२०
४	जीर्णरुख हाँगाविगा छटनी स्वीकृत	५५०
५	निर्जिवन दर्ता सिफारिस	१०००
त	पशुपन्छि निरोगि प्रमाणित तथा सिफारिस	
	क गाइ, भौसि, गोरु प्रति गोटा	१५०
	ख) बाख्रा, खसि, बगुर, भेडा लगायत प्रतिगोटा	१००
	ग) कुखुरा, हास प्रति गोटा	५०

थ	अन्य प्रमाणित तथा सिफारिसहरु	
१	अन्य सबै किसिमको सर्जमिन	५००
२	वडा प्रमाणित	५००
३	धारा विजुलि जडान सिफारिस	५५०
४	कागजात मञ्जुरिनामा प्रमाणित	५००
५	सामान ओसारपसार सिफारिस वसाईसरी जादा	२०००
६	लक्षित वर्ग प्रमाणित	५००
७	थ्रिफेज लाईन जडान	१५००
८	श्रेस्ता कार्यान्वयन सिफारिस	५००
९	अंग्रेजि भाषा प्रमाणित नगर	१०००
१०	अंग्रेजि भाषा प्रमाणित सिफारिस वडा	५००
११	अपुताली सम्बन्धी सिफारिस	१०००
१२	सेवामुलक अन्य	५५०
१३	न.पा तथा वडा बाट जारि कागजात प्रमाणित	५००
१४	वडा बाट हुने अन्य सिफारिस प्रतिगोटा	२००
१५	नगरबाट गरिने अन्य सिफारिस प्रतिगोटा	३५०
१६	नगरबाट गरिने अन्य प्रमाणित प्रतिगोटा	७००
१७	मिलापत्र प्रतिलिपि उतार	५००
१८	मेलमिलाप दुबै तर्फ बाट बराबर	५००

अनुसूची (१३)

(ऐनको दफा १५ सँग सम्बन्धित)

ढुङ्गा, गिट्टि,वालुवा संकलन तथा विक्रि शुल्क

क्र.सं.	शिर्षक	दर रु.
१	ढुङ्गा, गिटी, रोडा. ग्रावेल, चटान, स्लेट	६
२	बालुवा, चिप	४.७५
३	माटो (भरौट र बलौट)	३
४	कटिङ्ग ढुङ्गा	६

नोटः विगत वर्षहरु देखि व्यावसाय नविकरण गर्न छुट भएका व्यवसाय नविकरण गर्न आउदा वार्षिक रुपमा लाग्ने जरिवाना वापतको शुल्क पुरै छुट दिइने छ ।